नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०५/२८ गते भोटेकोशी बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसाय/ अनुगमन स्थलको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | राधा स्वामी सत्सङ्ग सामाखुसी, काठमाडौं | • दालमोठ, भुजा, काबुली चना, चिउरा, लगायतका खाद्य पदार्थहरु राहतका लागि पठाउन ठिक्क पारेको पाइयो।<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा ब्याच नं., उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना उल्लेख भई उपभोग्य मिति समाप्त नभएको पाइयो। | • विवरणमा उल्लेख भएको मिक्स दालको थप अनुसन्धान गर्न उत्पादक/प्याकिङ्ग गर्ने सम्बन्धित फर्मलाई आबश्यक कारबाहीका लगि अनुगमन गर्नु पर्ने देखिएको<br>• खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| २. | खाद्य ब्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, थापाथली | • स्तरोन्नती गरीएको (फोर्टिफाइड) स्टिम जीरा मसिनो चामल, मुसुरो दाल, सुर्यमुखी तेल, आयोनुन लगायतका खाद्य पदार्थहरु राहतका लागि पठाउन ठिक्क पारेको पाइयो<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा ब्याच नं., उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना उल्लेख भई उपभोग्य मिति समाप्त नभएको देखियो। | • खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| **अनुगमन गरिएको राहत सामग्री राखिएको स्थान कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/३०

<u>अनुगमनका केहि झलकहरु</u>













